# सर्वोच्च अदालत

रिट शाखा

रिट – ८ कोठा नं. ९

च.नं.३८१३

रिट नं. ०६८–WS–००२२ समेत

मिती :– २०७०।९।१७

विषय :– फैसलाको जानकारी पठाएको सम्बन्धमा ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , राष्ट्रिय स्वास्थ्य शिक्षा,
सूचना तथा संचार केन्द्र, पचली टेकु ,काठमाण्डौ

उपरोक्त सम्बन्धमा निवेदक सुर्य नेपाल प्रा.लि.विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार समेत भएको उत्प्रेषण समेत रिट निवेदन नं. ०६८-WS-००२२ समेतका रिट निवेदनमा मिति २०७०।९।१४ मा भएको फैसलाको जानकारी पाऊँ भनि ताँहा कार्यालयको च.नं. ६३१ मिति २०७०।९।१७ को पत्र प्राप्त भै आदेशानुसार इजलास अधिकृत समक्ष पेश हुदाँ ". यसमा रिट निवेदक सूर्य नेपाल प्रा.लि.को तर्फवाट प्रवन्ध संचालक संजिव केसवा समेत विरुद्द नेपाल सरकार, मन्त्रिपरिषद , प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत भएको उत्प्रेषणयुक्त परमादेश (०६८-WS-००२२) समेतका रिट निवेदनहरुमा निवेदनमा उल्लेखित सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने ) ऐन, २०६८, सो सम्वन्धी नियमावली र निर्देशिका असंवैधानिक भनि वदर गर्न मिल्ने नदेखिदा रिट निवेदन खारेज हुने र रिट निवेदक अर्वुद्द रोग निवारण संस्थाको तर्फवाट लोकेन्द्र कुमार श्रेष्ठ समेत विरुद्द नेपाल सरकार मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत विपक्षी भएको ( ०६८-WO- ०३८३ ) परमादेशको रिट निवेदनमा सूर्तिजन्य पदार्थ ( नियन्त्रण तथा नियमन गर्ने ) ऐन, २०६८, सो सम्वन्धी नियमावली र निर्देशिका कार्यान्वयन गर्न नरोक्नु, प्रभावकारी कार्यान्वयन गर्नु भनि विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी हुने ठहरी यस अदालतको विशेष इजलासबाट मिति २०७०।९।१४ मा आदेश भएको र फैसलाको विस्तृत विवरण सहितको पूर्ण पाठ तयार गर्न समय लाग्ने व्यहोरा जानकारी गराइन्छ " भनि सम्वन्धीत इजलास अधिकृतबाट खुलाई आएको हुँदा जानकारीको लागि अनुरोध छ ।

शाखा अधिकृत

FAX NO. : FROM :